**नेपाल सरकार**
**गृह मन्त्रालय**
**सशस्त्र प्रहरी बल प्रधान कार्यालय**
**मानवश्रोत बिकास बिभाग,**
**(भर्ना तथा छनौट शाखा) हलचोक, स्वयम्भु काठमाण्डौ ।**

नयाँ भर्ना सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मितिः- २०६६।०६।०९ गते ।**

श्री सशस्त्र प्रहरी बलमा रिक्त रहेको **सशस्त्र प्रहरी जवान, प्राविधीक सशस्त्र प्रहरी जवान (हेवी ड्राईभर), प्राविधीक सशस्त्र प्रहरी जवान (लाईट ड्राईभर) र सशस्त्र प्रहरी परिचर पदमा** खुल्ला प्रतियोगिता द्धारा पुर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रु ५ को टिकट टांसी (स्वयम् उपस्थित भई) दरखास्त आव्हान गरिन्छ ।

१. **दरखास्त लिने मितिः-** २०६६।०६।०९ गते देखी २०६६।०७।०८ गते १७.०० बजे सम्म ।
२. **दरखास्त फारम पाईने र बुझाउने स्थानहरु :-**
क) उपत्यका सशस्त्र प्रहरी बल मुख्यालय पशुपतिनाथ बाहिनी सानोगौचरण, काठमाण्डौ ।
ख) पु.क्षे. सशस्त्र प्रहरी बल मुख्यालय बराह बाहिनी पकली, सुनसरी ।
ग) म.क्षे. सशस्त्र प्रहरी बल मुख्यालय रुद्र बाहिनी पथलैया बारा ।
घ) प.क्षे. सशस्त्र प्रहरी बल मुख्यालय मुक्तिनाथ बाहिनी, पोखरा ।
ङ) म.प.क्षे. सशस्त्र प्रहरी बल मुख्यालय महेश्वरी बाहिनी, सुर्खेत ।
च) सु.प.क्षे. सशस्त्र प्रहरी बल मुख्यालय बैद्यनाथ बाहिनी, अत्तरीया, कैलाली ।
छ) स.प्र.बल युक्ति तालिम महाबिद्यालय बर्दघाट, नवलपरासी ।
ज) स.प्र.बल तालिम केन्द्र नौबस्ता, बाँके ।
झ) प्रा.स.प्र.ज.हरुको लागि फारम पाईने स्थान सशस्त्र प्रहरी बल प्रधान कार्यालय हलचोक, स्वयम्भु, काठमाण्डौ ।

३. **आवश्यक पदहरु र न्यूनतम योग्यता**

| सि.नं. | पद | उमेरको हद | आवश्यक न्युनतम योग्यताहरु |
|---|---|---|---|
| १ | स.प्र.ज. | विज्ञापन प्रकाशित भएको दिन १८ बर्ष पुरा भई २२ बर्ष ननाघेको | क) साधारण लेखपढ गर्न जानेको ।<br>ख) छाती कम्तिमा नफुलाउदा ३०" र फुलाउदा ३२" भएको (महिलाको लागि नपर्ने) ।<br>ग) नेपाली नागरीकताको प्रमाणपत्र प्राप्त गरेको ।<br>घ) पुरुषको लागी कम्तिमा ५ फिट २ ईन्च उचाई र महिलाको लागि ५ फिट उचाई भएको ।<br>ङ) पुरुषको लागि वजन कम्तिमा ५० के.जी .र महिलाको लागि कम्तिमा ४० के.जि. हुनु पर्ने ।<br>च) आखाँ माईनस २ वा प्लस २ भन्दा बढी कम्जोर नभएको ।<br>छ) प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको ।<br>ज) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको ।<br>झ) राजनीतिमा नलागेको ।<br>ञ) कुनै ध्वांसात्मक उद्धेस्य भएको संथाको सदस्य नभएको वा नरहेको ।<br>ट) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरीने गरी नोकरीबाट बर्खास्त नभएको । |
| २ | प्रा.स.प्र.ज.(हेवी ड्राईभर) | विज्ञापन प्रकाशित भएको दिन १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको | क) मान्यता प्राप्त ड्राईभिङ्ग लाईसेन्स प्राप्त गरेको कम्तिमा ३ बर्ष अनुभव भएको ।<br>ख) सशस्त्र प्रहरी जवान पदका लागि तोकिए बमोजिम (क) देखी (ट) सम्मको अन्य योग्यता । |
| ३ | प्रा.स.प्र.ज.( लाईट ड्राईभर) | विज्ञापन प्रकाशित भएको दिन १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको | क) मान्यता प्राप्त ड्राईभिङ्ग लाईसेन्स प्राप्त गरेको कम्तिमा ३ बर्ष अनुभव भएको ।<br>ख) सशस्त्र प्रहरी जवान पदका लागि तोकिए बमोजिम (क) देखी (ट) सम्मको अन्य योग्यता । |
| ४ | स.प्र.प. | विज्ञापन प्रकाशित भएको दिन १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको | क) छाती कम्तिमा नफुलाउदा ३०" र फुलाउदा ३२" भएको (महिलाको लागि नपर्ने) ।<br>ख) सशस्त्र प्रहरी जवान पदका लागि तोकिए बमोजिम (ग) देखी (ट) सम्मको अन्य योग्यता |

४. **आवश्यक पद सख्या :**

| विवरण | सशस्त्र प्रहरी जवान पद | प्रा.स.प्र.ज.(हेवी ड्राईभर) | प्रा.स.प्र.ज.(लाईट ड्राईभर) | सशस्त्र प्रहरी परिचर |
|---|---|---|---|---|
| समावेशी तर्फ | १२२७ | २२ | २२ | ११२ |
| महिला | २४५ | ५ | ५ | २२ |
| जनजाती/आदीबासी | ३९३ | ७ | ७ | ३६ |
| मधेसी | ३४४ | ६ | ६ | ३१ |
| दलित | १८४ | ३ | ३ | १७ |
| पिछडिएको क्षेत्र | ६१ | १ | १ | ६ |
| खुल्ला तर्फ | १४९९ | २६ | २६ | १३७ |
| जम्मा | **२७२६** | **४८** | **४८** | **२४९** |

५ **सम्पर्क मिति, समय र स्थान :-**

| सि.नं. | पद | सम्पर्क मिति र समय | सम्पर्क राख्ने स्थान |
|---|---|---|---|
| १ | सशस्त्र प्रहरी जवान | २०६६।०७।१०गते मंगलबार बिहान १०.०० वजे | दरखास्त फारम दर्ता गर्ने सम्बन्धित कार्यालय |
| २ | प्रा.स.प्र.ज.(हेवी ड्राईभर) | २०६६।०७।१०गते मंगलबार बिहान १०.०० वजे | दरखास्त फारम दर्ता गर्ने सम्बन्धित कार्यालय |
| ३ | प्रा.स.प्र.ज.(लाईट ड्राईभर) | २०६६।०७।१०गते मंगलबार बिहान १०.०० वजे | दरखास्त फारम दर्ता गर्ने सम्बन्धित कार्यालय |
| ४ | सशस्त्र प्रहरी परिचर | २०६६।०७।१०गते मंगलबार बिहान १०.०० वजे | दरखास्त फारम दर्ता गर्ने सम्बन्धित कार्यालय |

६ **दरखास्त दस्तुर :-**

| सि.नं. | दर्जा | दस्तुर |
|---|---|---|
| १ | सशस्त्र प्रहरी जवान | दरखास्त फारम बुझाउदा रु १००।- (एक सय) दस्तुर बुझाउनु पर्ने छ। साथै समावेशी तर्फ समेत दरखास्त दिने। उम्मेदवारहरुको हकमा प्रत्येकमा २० प्रतिशत (रु २०) का दरले थप दस्तुर बुझाउनु पर्ने छ। |
| २ | प्रा.स.प्र.ज.(हेवीड्राईभर) | दरखास्त फारम बुझाउदा रु १००।- (एक सय) दस्तुर बुझाउनु पर्ने छ। साथै समावेशी तर्फ समेत दरखास्त दिने उम्मेदवारहरुको हकमा प्रत्येकमा २० प्रतिशत (रु २०) का दरले थप दस्तुर बुझाउनु पर्ने छ। |
| ३ | प्रा.स.प्र.ज.(लाईट ड्राईभर) | दरखास्त फारम बुझाउदा रु १००।- (एक सय) दस्तुर बुझाउनु पर्ने छ। साथै समावेशी तर्फ समेत दरखास्त दिने उम्मेदवारहरुको हकमा प्रत्येकमा २० प्रतिशत (रु २०) का दरले थप दस्तुर बुझाउनु पर्ने छ। |
| ४ | सशस्त्र प्रहरी परिचर | दरखास्त फारम बुझाउदा रु १००।- (एक सय) दस्तुर बुझाउनु पर्ने छ। साथै समावेशी तर्फ समेत दरखास्त दिने उम्मेदवारहरुको हकमा प्रत्येकमा २० प्रतिशत (रु २०) का दरले थप दस्तुर बुझाउनु पर्ने छ। |

७. **दरखास्त साथमा संलग्न गर्नु पर्ने कागजातहरु**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणीत प्रतिलिपी १ प्रति।

ख) हाल सालै खिचेको पासपोर्ट साईजको दुबै कान देखिने फोटो ३ प्रति।

ग) आफुले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणीत प्रतिलिपी १/१ प्रति

घ) आदीवासी/जनजातीका लागि नेपाल आदीवासी/जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाती भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति।

ङ) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति।

च) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरि तोके बमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी संस्था नतोके सम्म सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफासिरमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएका प्रमाण पत्रको प्रतिलिपी १ प्रति।

छ) पिछडिएका क्षेत्रका लागि अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थाई बसोबास गरी सम्बन्धित जिल्लाबाटनै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गा.बि.स. वा नगरपालीकाबाट दरखास्त दिंदाका बखत सम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफरिस गरिएको।

ज) आफुले अध्ययन गरेको शिक्षण संस्था वा आफ्नो नातेदार बाहेक अन्य दुई जना नेपाल सरकारको राजपत्रांङ्कीत अधिकृतहरुबाट राम्रो चरित्रको सक्कलै प्रमाण पत्र १/१ प्रति।

८. **परीक्षा विधी :-**

क) प्रारम्भिक स्वास्थ्य परिक्षण (फिजिकल फिट्नेस)

| | | | |
|---|---|---|---|
| (अ) उचाई | (आ) तौल | (इ) छाती | ई) साधारण शारीरिक परिक्षण |

ख) शारीरिक शहिष्णुता परिक्षण

| | | | | | |
|---|---|---|---|---|---|
| (अ) सिट अप | (आ) पुस अप | (इ) चिन अप | (ई) ३०० मिटर दौड | (उ) २ माईल दौड | २५ किलोको बोरा बेकेर २० पटक उठबस (स.प्र.प.को लागि) |

ग) लिखित परीक्षा : स.प्र.ज.को लागि अंग्रेजी, नेपाली र गणीत सम्बन्धि सामान्य लिखित परिक्षा। (सशस्त्र प्रहरी परिचरका लागि नपर्ने, प्राविधीक स.प्र.ज. पदकालागि लिखित र प्रयोगात्मक परीक्षा लिईने छ)।

घ ) बिस्तृत स्वास्थ्य परिक्षण

ङ ) बोर्ड अन्तर्वार्ता

च) अन्तिम नतिजा प्रकाशन

**पुनश्च :**

१. हरेक चरणको परिक्षा समाप्ती पछी नतिजा प्रकाशन गरिने छ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को परीक्षामा सम्मिलित गराईने छ।

२. परीक्षा संचालन गर्दा खुल्ला तथा समावेशी तर्फको एउटै परीक्षा संचालन गरिने छ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पद पुर्ति गरिने छ।

३. लिखित र अर्न्तबार्ता परीक्षाको नतिजा प्रकाशन गर्दा निम्नानुसार क्रममा गरिने छ।

**क) समावेशी तर्फ**

(अ) महिला (आ) आदीवासी/जनजाती (इ) मधेसी (ई) दलित (उ) पिछडिएको क्षेत्र

**ख) खुल्ला तर्फ**

४. नियुक्ति पाएपछि सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको आधारभुत तालिम गर्नु पर्ने छ।

५ लिखित परीक्षाको अन्तिम नतिजा प्रकाशन हुनु पूर्व रिक्त हुन आएका उल्लेखित दर्जाका पद समेत यसै बिज्ञापनमा समाबेश गर्न सकिने छ।

६. दरखास्त फारम सशस्त्र प्रहरी बलको Website www.apf.gov.np बाट डाउनलोड गरेर वा फोटोकपी गरेर आवश्यक कागजातपत्रहरु राखी बुझाउन सकिने छ।

७. दरखास्त पेश गर्दा सकल प्रमाण पत्रहरु साथमानै ल्याउनु पर्ने छ।